## सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना र कार्यलाई मार्गदर्शन गर्ने प्रमुख सिद्धान्तहरू

- विगतका मानवअधिकार उल्लङ्घनहरू कसरी सम्बोधन गर्ने भन्ने सम्बन्धमा लिइने निर्णय पीडित समूहलगायत समाजका बृहत् क्षेत्रहरूसँगको व्यापक परामर्शमा आधारित हुनुपर्छ ।

- सबै द्वन्द्वरत पक्षहरूको राजनीतिक प्रतिबद्धता तथा संस्थागत संलग्नता सङ्क्रमणकालीन न्याय संयन्त्रको सफल प्रयोगका पूर्वसर्त हुन् ।

- सङ्क्रमणकालीन न्याय संयन्त्रको छनोट र प्रारूपण देश विशेषको सन्दर्भअनुरूप हुनुपर्छ - “आदर्श” सङ्क्रमणकालीन न्याय रणनीति हुँदैन ।

- सङ्क्रमणकालीन न्याय संयन्त्रहरूबीचको निकटताको पूर्ण प्रयोग गरेर तिनको मिश्रणमा विचार गर्नुपर्छ ।

- स्थानीय समुदाय, मानवअधिकार समूह तथा अन्य नागरिक समाजका सङ्गठनहरू सङ्क्रमणकालीन न्याय प्रक्रियाहरूको प्रारूपण र कार्यान्वयनमा सक्रिय सहभागी बन्नुपर्छ, जसबाट उनीहरूले आफूमा स्वामित्वको भावना विकास गर्न सक्छन् ।

- सङ्क्रमणकालीन न्याय संयन्त्रहरूलाई सरकार र राजनीतिक दलहरूबाट पूर्णतया स्वतन्त्र भएर सञ्चालन गर्न दिइनैपर्छ ।

**थप जानकारीको लागि :**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**
सिलु बिल्डिङ्ग, कला संग्रहालय रोड, छाउनी
पोष्ट बक्स नं.: २४५५५, काठमाडौं, नेपाल, फोन नं.: ०१-४२८०१६४, फ्याक्स नं.: ०१-४६७०७१२
Email: registry.np@ohchr.org

# सङ्क्रमणकालीन न्याय

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**
वैशाख २०६४

संयुक्त राष्ट्रसघ

सयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

# सङ्क्रमणकालीन न्याय के हो ?

**सङ्क्रमणकालीन न्याय विगतका मानवअधिकार उल्लङ्घनलाई सम्बोधन गर्ने एउटा उपाय हो, जसबाट राष्ट्रहरू र तिनका जनता दिगो शान्ति तथा मेलमिलापतर्फ अघि बढ्न सक्छन् । यसले देशहरू तानाशाही शासनबाट लोकतन्त्रतिर जाँदा वा सशस्त्र द्वन्द्वबाट शान्तितिर जाँदा प्रयोग गरिने न्यायिक र गैरन्यायिक क्रियाकलापका चार विशिष्ट क्षेत्रलाई इङ्गित गर्दछ :**

१) **सत्यको खोजी**
२) **अभियोजन**
३) **पीडितलाई हर्जाना**
४) **संस्थागत सुधार**

सङ्क्रमणकालीन अवस्थामा रहेका देशहरूले प्रायः ठूलो मात्रामा मानवअधिकार दुर्व्यवहारका दुष्प्रभावको सामना गर्दछन्, जसलाई विद्यमान न्यायिक र गैरन्यायिक संरचनाबाट पूर्णतया सम्बोधन गर्न सकिँदैन । त्यस्तो अवस्थामा, धेरै मुलुकले विगतलाई बिर्सनु भन्दा सत्यको खोजी गर्न, जवाफदेहिताको अनुसरण गर्न, पीडितहरूलाई हर्जाना उपलब्ध गराउन, न्याय प्रदान गर्न र राष्ट्रिय मेलमिलापतर्फ कदम बढाउन सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूलाई प्रयोग गरेका छन् ।

## सत्यको खोजी

<u>सत्य आयोग</u> व्यक्ति र राज्यका संस्थाहरूको जिम्मेवारी तथा उल्लङ्घनका मूल कारणहरूलगायत ठूला आकारका उल्लङ्घनबारे सत्य निर्धारण गर्न सृजना गरिएका आधिकारिकरूपमा मान्यता प्राप्त अस्थायी र गैरन्यायिक निकायहरू हुन् । तिनले पीडितहरूको पीडालाई बुझ्न, स्वीकार गर्न र सम्बोधन गर्ने कार्यमा सहयोग पुऱ्याउँछन्, अभियोजनको बाटो खुला गर्छन् र मेलमिलापका प्रक्रियाहरूलाई टेवा दिन्छन् । सत्य आयोग पूर्वी टिमोर, लाइबेरिया, मोरक्को, पेरु, सियरा लियोन र दक्षिण अफ्रिकालगायत ३० भन्दा बढी देशहरूमा स्थापना गरिएका छन् । <u>जाँचबुझ आयोग</u> सत्य आयोगजस्तै हुन् तर तिनको कार्यादेश अलि साँघुरो हुन्छ र प्रायः कुनै विशिष्ट घटना, समयावधि वा उल्लङ्घनको प्रकारमा सीमित गरिएका हुन्छन् । ती द्वन्द्वका बृहत् कारणहरू भन्दा व्यक्तिहरूको जिम्मेवारी निर्धारण गर्ने कार्यमा केन्द्रित हुन्छन् र तिनको आयु छोटो हुन्छ ।

## अभियोजन

<u>राष्ट्रिय अदालत</u>सँग जातिहत्या, मानवताविरुद्धको अपराध, युद्धअपराध तथा मानवअधिकारका अन्य गम्भीर उल्लङ्घनहरूको सुनुवाई गर्ने प्राथमिक जिम्मेवारी रहेको हुन्छ । राष्ट्रिय अदालत प्रभावकारी अनुसन्धान वा अभियोजन गर्न असमर्थ वा अनिच्छुक भए मात्र <u>अन्तर्राष्ट्रिय वा "मिश्रित" अदालत</u> (राष्ट्रिय र अन्तर्राष्ट्रिय न्यायाधीशको प्रयोग गरेर) का बारेमा विचार गरिनुपर्छ । सन् २००२ को जुलाईपछि गरिएका जातिहत्या, युद्धअपराध र मानवताविरुद्धको अपराधमा पुर्पक्ष गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालत सन् १९९८ मा द हेग (नेदरल्यान्ड्स) मा स्थापना गरियो । अन्तर्राष्ट्रिय वा मिश्रित अदालत बोस्निया र हेर्जगोभिना, कम्बोडिया, पूर्वी टिमोर, कोसोभो, सियरा लियोन, रुवान्डा र पूर्व युगोस्लाभियाका लागि पनि स्थापना गरिएका छन् । आममाफी र अन्य राज्यक्षमाका उपायहरू शान्ति सम्झौताका अङ्ग भए पनि, अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गम्भीर अपराधका पीडकहरूले त्यसबाट लाभ प्राप्त गर्नुहुँदैन ।

## पीडितलाई हर्जाना

अनुसन्धान र अभियोजनको आवश्यकताका अतिरिक्त मानवअधिकार उल्लङ्घनका पीडितहरूसँग अन्तर्राष्ट्रिय कानुनअन्तर्गत उपचार र हर्जाना पाउने अधिकार रहेको हुन्छ । हर्जाना मौद्रिक अथवा वस्तुगत मात्रै हुनुपर्छ भन्ने छैन, ती क्षमायाचना र स्मारकहरूका निर्माणमार्फत् पीडितको दुर्दशालाई स्वीकार गर्ने जस्ता प्रतीकात्मक कार्य तथा अन्य प्रतीकात्मक कार्यहरू पनि हुन सक्छन् । राज्यद्वारा तथ्यको प्रमाणीकरण तथा सत्यको स्वीकार पनि महत्त्वपूर्ण हर्जानाका उपाय हुन् । *न्याय तथा हर्जानाको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त र मार्गनिर्देशन*ले विभिन्न प्रकारका हर्जानाको पहिचान गर्छन् र मार्गदर्शन उपलब्ध गराउँछन् । धेरै द्वन्द्वोत्तर समाजहरूमा रहेका पीडितको उच्च सङ्ख्याले सर्वाधिक प्रभावित समुदाय वा क्षेत्रहरूमा सामूहिक हर्जाना उपलब्ध गराउनेबारे विचार गर्न आवश्यक तुल्याउँदछ । तसर्थ, विस्तृत र एकीकृत हर्जाना कार्यक्रमहरूमा सामूहिक र एकल उपायहरूका साथै वस्तुगत र प्रतीकात्मक दुवै खाले हर्जाना रहेको हुनुपर्छ ।

## संस्थागत सुधार

संस्थागत सुधारले द्वन्द्वलाई बल प्रदान गरेका वा अधिनायकवादी सत्ताको समर्थन गरेका राज्यका संस्थाहरूको रूपान्तरणलाई इङ्गित गर्दछ । संस्थागत सुधार प्रक्रियाले त्यस्ता संस्थाहरूलाई मानवअधिकारको सम्मान गर्ने, शान्ति कायम गर्ने तथा कानुनी शासनको सुरक्षण गर्ने कार्यकुशल तथा स्वच्छ संस्थामा रूपान्तरण गर्नुपर्छ ।

संस्थागत सुधारका उपायहरूमा निम्न कुराहरू पर्न सक्छन् :

- सुपरिवेक्षण, उजुरी र अनुशासनात्मक कार्यविधिहरूको सिर्जना;
- नयाँ कानुनी ढाँचाको स्थापना वा सुधार;
- नीतिपरक निर्देशिका र आचारसंहिताको विकास वा संशोधन;
- पर्याप्त तलब, उपकरण र पूर्वाधारहरू प्रदान;
- सुरक्षाफौज, प्रहरी वा न्यायसेवा जस्ता सरकारी जागिरबाट अनुपयुक्त कर्मचारीहरूलाई छानेर हटाउने कार्य – जसलाई <u>मुल्याङ्कन</u> ("vetting") भनेर चिनिन्छ – मार्फत् राज्यका संस्थाको सुधार ।